सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय

Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)
कैलाली, नेपाल

व्यवस्थापन गर्न आवश्यक जनशक्तिको प्रक्षेपण गरी अस्पतालको संगठन तथा व्यवस्थापन सर्भेक्षण पश्चात आवश्यक १४६ जनाको कर्मचारीको दरवन्दी समेत स्वीकृत भइसकेको छ।

नेपाल सरकारले लम्कीचुहा अस्पताललाई प्रादेशीक अस्पतालको रुपमा स्तरउन्नती गर्ने निर्णय पश्चात सुदूरपश्चिम प्रदेश सरकारले आफ्नो प्रक्रीया अगाडी बढाई आर्थिक तथा प्रशासनिक बिषयमा छलफल गर्न र आवश्यक देखिए सम्झौताका लागि मिति २०८२।०९।२० मा पहिलो पटक, मिति २०८२।१०।०७ मा दोस्रो पटक र मिति २०८२।१०।१३ मा तेस्रो पटक लम्कीचुहा नगरपालिकालाई पत्राचार गरिएको थियो। यसरी पटक पटक छलफलका लागि पत्राचार गर्दा पनि उपस्थित नभएका कारण कानूनतः प्रदेश सरकार मातहत प्रादेशिक अस्पतालको रुपमा सञ्चालन गर्न स्वीकृति पाइसकेको उक्त प्रादेशिक अस्पताललाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि अस्पताल व्यवस्थापन समिति गठन गर्न आवश्यक भएकाले सुदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समिति (गठन) आदेश, २०७५ को कानूनी व्यवस्थाका आधारमा लम्कीचुहा प्रादेशिक अस्पतालको व्यवस्थापन समिति गठन गरिएकोमा प्रदेश सरकारको उक्त निर्णय उपर चित्त नबुझी प्रदेश सरकार विरुद्ध लम्कीचुहा प्रादेशिक अस्पतालको व्यवस्थापन समिति गठन खारेजीमा अन्तरिम आदेश माग गरी लम्किचुहा नगरपालिकाबाट सम्मानित सर्वोच्च अदालतमा मुद्दा दायर गरिएको र सम्मानित सर्वोच्च अदालत बाट उक्त मागमा अन्तरिम आदेश नआएको सन्दर्भमा प्रदेश सरकारका काम कारवाही प्रचलित ऐन कानून अनुसार अघि बढाउन बाटो खुला भएको व्यहोरा पनि अवगत गराउन चाहन्छौं। सम्मानित सर्वोच्च अदालतको उक्त आदेश पश्चात पनि छलफल र सम्वाद बाटै आर्थिक र प्रशासनिक बिषयको टुङ्गो लगाउदा राम्रो हुन्छ भनी छलफल र सम्बादका लागि मन्त्रालय लचिलो हुदै मिति २०८३/०१/२१ मा नगर प्रमुखज्यू सहीत नगर प्रमुखको सचिवालय र पत्रकार सहितको टोली संग मन्त्रालयमा छलफल हुँदा पनि कुनै सहमति र सम्झौता हुन नसकेको व्यहोरा सार्वजनिक गर्न चाहन्छौ।

तसर्थ उक्त अस्पतालको संचालन तथा व्यवस्थापनका सन्दर्भमा सार्वजनिक संचार माध्यम, सोसल मिडियामा विभिन्न व्यक्तिका स्टाटस र अनलाईन माध्यमहरुमा आएका विभिन्न समाचारहरुबाट प्रभावित नहुन सम्बद्ध सबैमा अनुरोध गर्दै प्रदेश सरकारको निर्णय अनुसार प्रचलित ऐन तथा नियमावली बमोजिम लम्कीचुहा प्रादेशिक अस्पतालको आर्थिक, भौतिक, जनशक्ति व्यवस्थापन गर्ने कार्यमा यस मन्त्रालय प्रतिवद्ध रहेको व्यहोरा अनुरोध गर्दछ। साथै प्रदेश सरकारले लम्कीचुहा प्रादेशीक अस्पताल संचालनका लागी मेडीकल सुपरिनटेण्ड, लेखा अधिकृत, प्रशासनिक अधिकृत सहीतका केही कर्मचारी पठाई सकेको र अब केही दिनमा कर्मचारी हाजिर भई सेवा सुचारु गरीने र आम सर्वसाधारणलाई सहज एवं सुलभ रूपमा स्वास्थ्य सेवा प्रवाह गर्न मन्त्रालय प्रतिवद्ध रहेकोले सुदूरपश्चिम प्रदेश सरकार र नेपाल सरकारबाट भएका निर्णयहरुको कार्यान्वयनमा सबै पक्षको सहयोग र सहकार्यको लागि यस मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

प्रदेश सचिव

प्रदेश सचिव
डा. हेमराज रेग्मी
मिति २०८३/०१/२२

Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)

सुदूरपश्चिम प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कैलाली, नेपाल

## लम्कीचुहा प्रादेशिक अस्पतालको संचालन तथा व्यवस्थापन सम्बन्धमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको प्रेस विज्ञप्ति

लम्कीचुहा प्रादेशिक अस्पतालको संचालन तथा व्यवस्थापनका सन्दर्भमा हालैका दिनहरुमा सार्वजनिक संचार माध्यम, सामाजिक संजालमा विभिन्न व्यक्तिका स्टाटस र अनलाईन माध्यमहरुमा आएका समाचारहरुका सम्बन्धमा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।त्यस प्रकारका समाचारहरूका सम्बन्धमा सम्बन्धित सरोकारवालाहरू सहित आम सर्वसाधारणमा थप प्रष्टता हुनु पर्ने देखिएकोले यो विज्ञप्ति जारी गरिएको छ।

सुदूरपश्चिम प्रदेश सरकारको आ.व. २०८०/०८१ र २०८१/८२ का नीति तथा कार्यक्रममा प्रदेश मातहत रहेका अस्पतालहरुको स्तरोन्नति र क्षमता अभिबृद्धि गरिनुका साथै हाल स्थानीय तहबाट संचालित डडेल्धुरा जिल्लाको जोगबुढा र कैलालीको लम्कीचुहा समेतका अस्पताललाई प्रदेशस्तरीय अस्पतालमा स्तरोन्नति गरिनेछ भन्ने नितिगत व्यवस्था भए बमोजिम लम्कीचुहा नगरपालिकाका नगर प्रमुखको अध्यक्षतामा मिति २०८१।०६।१७ गते बसेको लम्कीचुहा अस्पताल विकास समितिको बैठकले १५ शैयाको लम्कीचुहा अस्पताललाई ५० शैयाको प्रादेशिक अस्पतालका रुपमा सञ्चालन गर्न सिफारिस गर्ने निर्णय र मिति २०८१।०७।११ मा लम्कीचुहा नगरकार्यपालिकाको निर्णय सहीत लम्कीचुहा नगरपालिकाको च. नं. १६८१, मिति २०८१।०९।०४ गतेको पत्रबाट अस्पताललाई ५० शैयाको प्रादेशिक अस्पतालका रुपमा स्तरोन्नतिका लागि सिफारिस भइ आए बमोजिम सुदूरपश्चिम प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०८१।१२।२१ को निर्णयबाट उक्त अस्पताललाई प्रादेशिक अस्पतालमा स्तरोन्नतिका लागि नेपाल सरकारलाई अनुरोध गरिएको थियो। सोही आधारमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२।०२।२६ को निर्णयबाट सो अस्पताललाई प्रादेशिक अस्पतालको रुपमा हस्तान्तरण गर्न स्वीकृति प्राप्त भएको। तत्पश्चात प्रदेश सरकारले आ.व. २०८२/८३ को बजेटबाट लम्कीचुहा प्रादेशीक अस्पताल संचालन तथा व्यवस्थापनका लागि रू ३ करोड, लम्कीचुहा प्रादेशिक अस्पताल संचालनका लागि आवश्यक औजार उपकरण खरिदका लागि रु. १ करोड, बिशेष अनुदान बाफत रु. ५० लाख र लम्कीचुहा प्रादेशिक अस्पताल स्तर उन्नति शिर्षकमा रु ३७.५ लाख गरी रु ४ करोड ८७ लाख ५० हजार रकम बिनियोजन समेत गरेको छ। त्यसका अतिरिक्त लम्कीचुहा प्रादेशिक अस्पताल सञ्चालनको लागि प्रदेश सरकारले बिभिन्न समयमा खरीद गरी रु. ३ करोड ३१ लाख बराबरको उपकरणहरू पनि नगरपालिका मार्फत उपलब्ध गराइएको छ।

नेपालको संविधानले स्वास्थ्य सेवा तीनै तहका सरकारको साझा अधिकार र दायित्वको रुपमा उल्लेख गर्नुका साथै नेपाल सरकारबाट जारी स्वास्थ्य सेवा नियमावली, २०७७ ले २५ देखि २०० शैया सम्मका जनरल तथा विशेषज्ञ अस्पतालको नियमन सम्बन्धी अधिकार प्रदेश सरकारलाई प्रदान गरेकाले, ५० शैयाको प्रादेशिक अस्पतालको रुपमा संचालन गर्ने निर्णय भए संगै लम्कीचुहा प्रादेशिक अस्पतालको नियमन र सञ्चालन सम्बन्धी अधिकार प्रदेश सरकारलाई रहेको विषय स्पस्ट नै छ। सोही बमोजिम प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८२।०८।१२ को निर्णयबाट लम्कीचुहा अस्पताललाई प्रादेशिक अस्पतालको रुपमा सञ्चालन तथा